# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८३।०३।१० गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

विशेष अदालतमा दर्ता भएको मुद्दा नं. ०८२-CR-०१०३ मा वादी नेपाल सरकार प्रतिवादी झलकराम अधिकारीसमेत भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको मुद्दामा सरकारी साक्षी विकास कुमार चापागाईले आयोगका अनुसन्धान अधिकृत समक्ष गरेको बयान प्रतिकूल हुने गरी बकपत्र गरेकोले निज उपर अनुसन्धान हुन भन्नेसमेत बेहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा वादी नेपाल सरकार प्रतिवादी झलकराम अधिकारीसमेत भएको घुस/रिसवत लिई/दिई भ्ष्टाचार गरेको र सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दामा अनुसन्धानको क्रममा अनुसन्धान अधिकृतलाई सहयोग गरेको कारण भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ तथा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) ऐन, २०६४ को दफा ४४ बमोजिम सजायको मागदाबीमा पूर्णरुपमा छुट दिई सरकारी साक्षीको रूपमा पेस गरिएका जिल्ला उदयपुर, चौदण्डीगढी नगरपालिका वडा नं. ५ स्थायी वतन भएका विकास कुमार चापागाईले विशेष अदालत, काठमाडौंसमक्ष मिति २०८३।०२।१३ गते बकपत्र गर्दा आयोगमा अनुसन्धानको क्रममा गरेको बयान तथा मिसिल संलग्न प्रमाण कागजहरुको प्रतिकूल हुने गरी बकपत्र गरेको पुष्टि भएकोले प्रतिवादी झलकराम अधिकारीले राजस्व चुहावटका विषयमा अनुसन्धान कारवाही नगर्ने नगराई दिने लगायतका काम वापत गैरकानुनी लाभ लिने मनसाय राखी व्यापारिक कारोबारमा सहजीकरण एवं मोलाहिजा गरी दिनको लागि घुस/रिसवत वापतको रु.५०,००,०००।– रकम बराबरको चेक प्रतिवादी विकास कुमार चापागाईको नाममा काट्न लगाई उक्त चेक निज विकास कुमार चापागाईले बुझी लिई सो रकम आफ्नो बैंक खातामा दाखिला गरी गराई प्रतिवादी झलक राम अधिकारीको निर्देशन बमोजिम खरिद गरे गराएको जग्गाको रकम भुक्तानी भएको देखिँदा प्रतिवादी विकास कुमार चापागाईको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिमको कसुरजन्य कार्यको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएकोले बिगो रु.५०,००,०००।—(पचास लाख रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम मुख्य कसूरदारलाई हुने सजायलाई आधार लिई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन तथा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा दफा ३ को उपदफा (३) को परिभाषित कसुरको मद्दत सहजीकरण तथा मतियार भई सोही ऐनको दफा ३ को उपदफा (२) बमोजिम तथा दफा ३ को उपदफा (३) को परिभाषित कसुर गरेको पुष्टि भएको देखिँदा बिगो रु.५०,००,०००।—(पचास लाख रुपैयाँ) कायम गरी निज प्रतिवादी विकास कुमार चापागाईलाई सोही ऐनको दफा ३० को उपदफा (२) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने